गैंडाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गैंडाकोट,नवलपरासी (ब.सु.प)

गण्डकी प्रदेश, नेपाल

२०७३

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

## नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रि (आन्तरिक आय) ठेक्का सम्झौताको लागि उपस्थित हुने सम्बन्धि सार्बजनिक सुचना

प्रथम पटक प्रकाशित मिति:- २०८३/०२/१२

गैंडाकोट नगरपालिका, नगर कार्यपालिका कार्यालयले चालु आ.ब. २०८२/०८३ को मिति २०८२/१०/०९ को नगर कार्यपालिकाको निर्णय बमोजिम नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रि सम्बन्धि ठेक्का (ठेक्का नं.- 02/IR/NCB/GM/082/083 आन्तरिक आय) बन्दोबस्त गर्न मिति २०८२/१०/२९ गतेको हिमालय टाइम्स रास्ट्रिय दैनिक, कार्यालयको वेबसाईट, सूचनापाटिमा र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीमा प्रकाशित सूचना बमोजिम रित पुर्बक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (१) बमोजिम सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित फर्म साथै दोस्रो र तेस्रो वित्तीय उपक्रममा रहेको फर्मलाई समेत नियमानुसार तोकिएको समयभित्र यस कार्यालयमा सम्झौता गर्न आउन भनि पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तोकिएको समयभित्र सम्झौता गर्न नआई कार्यालयले गरेका ताकेताहरुको अबज्ञा गरि राजश्व संकलन जस्तो संबेदनशील बिषयमा हेलचक्राई गरी म्याद गुजारेकोले, गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७ को नियम १४० को उपनियम (३) बमोजिम उल्लेखित फर्महरुलाई कानुनी कारबाहीको प्रक्रिया अगाडी बढाईएको र चौथो वित्तीय उपक्रममा रहेको तपशिल बमोजिमको फर्मलाई आबश्यक कागजात सहित सम्झौताको लागि उपस्थित हुन यो ७ दिने सार्बजनिक सुचना प्रकाशित गरिएको छ । साथै तोकिएको समयमा आबश्यक कागजात सहित सम्झौताको लागि उपस्थित नभएमा गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७ को नियम १४० बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

**तपशिल :**

| क्र.स. | ठेक्का नं. | चौथो वित्तीय उपक्रममा रहेको दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अंक (कर बाहेक) | सम्झौताको लागि अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | 02/IR/NCB/ GM/082/83 | श्री किंगफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., कालिका-२, चितवन। | रु.२,०५,००,०००/- अक्षेरुपि -:दुई करोड पाँच लाख रुपैयाँ मात्र । | २०८३/०२/१८ | तेस्रो वित्तीय उपक्रममा रहेको श्री जिम्मल बिल्डर्स प्रा.लि., भरतपुर-२२, चितवन, सम्झौता गर्न नआएको। |

**प्रमुख प्रशासकीय अधिकृत**